नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ७१ २०७८ साल असोज २१ गते बिहीबार (7 Oct. 2021 Thursday) मूल्य रु. ५/-

जनस्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गरौं

- अत्यावश्यक काम बाहेक अन्तर्राष्ट्रिय सीमा, सीमावर्ती क्षेत्र, अन्तरजिल्ला र जिल्ला भित्रका कोभिड -१९ संक्रमणको उच्च जोखिम भएको क्षेत्रमा आवतजावत नगरौं ।
- अत्यावश्यकीय कामका लागि त्यस्ता क्षेत्रहरुमा आवतजावत गर्दा अनिवार्य रुपमा मास्क लगाऔं ।
- अनावश्यक भिडभाड नगरौं, भौतिक दूरी कायम गरौं ।
- कोभिड-१९ रोकथामको लागि सरकारले जारी गरेको स्वास्थ्य मापदण्ड पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : प्रदेश २ का मुख्यमन्त्री... ३ पृष्ठमा : आन्दोलनरत बाल शिक्षक तथा ... ३ पृष्ठमा :विश्वमा पानीजन्य संकट ...

# शारिरीकरुपमा अशक्तलाई घरमै पुगेर नागरिकता प्रदान



सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका ४ मधवापुर निवासी शारिरीक रुपमा अशक्त रहेका ६८ वर्षिय बौवालाल गुरमैतालाई नागरिकताको प्रमाणपत्र प्रदान गर्दै । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, २० असोज ।**

शारिरीक रुपमा अशक्त एक व्यक्तिलाई जिल्ला प्रशासन कार्यालय सप्तरीले घरमै पुगेर नागरिकताको प्रमाण पत्र प्रदान गरेको छ ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ४ मधवापुर निवासी अपाङ्ग भई हिडडुल गर्न नसक्ने ६८ वर्षिय बौवालाल गुरमैताको घरमै पुगेर प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले मंगलबार साँझ नागरिकताको प्रमाण पत्र प्रदान गरेका हुन् ।

नागरिकता नभएका कारण सरकारबाट पाउने सबै सुविधाबाट बञ्चित भएको जनगणनामा खटिएका सुपरिवेक्षक संदिप कर्णले जानकारी गराएपछि प्रमुख जिल्ला अधिकारी जर्नादन गौतम, सहायक प्रमुख जिल्ला अधिकारी नाथु साह, इलाका प्रहरी कार्यालय कंचनपुरका प्रमुख दिनेश कुमार कार्की, हनुमाननगर कंकालीनी नगरपालिकाका प्रमुख शैलेश साह तथा संचारकर्मीको टोली उनको घर पुगेको थियो ।

सरकारबाट पाउने सुविधाका लागी नागरिकता आवश्यक रहेको र अपांग भएकै कारण जिल्ला प्रशासन कार्यालयसम्म पुग्न नसकेको जानकारी आएपछि उनलाई घरमै पुगेर नागरिकता प्रदान गरिएको प्रमुख जिल्ला अधिकारी गौतमले बताए ।

सो अवसरमा मेयर साहले गुरमैतालाई एक थान ह्वीलचेयर प्रदान गर्ने र एक साता भित्रै अपाङ्ग परिचय पत्र बनाई सरकारबाट पाउने सेवा सुविधा उपलब्ध गराउने प्रतिबद्धता ब्यक्त गरे ।

गुरमैता जन्मजातै अपाङ्ग रहेको र सरकारी सेवा सुविधाबाट समेत बञ्चित रहदा आर्थिक समस्याले कष्टकर जिवन विताउन बाध्य छन् ।

जिल्ला प्रशासन कार्यालयले एकसाता अघि शारिरीक रुपमा अशक्त रुपनी गाउँपालिका ७४ वर्षिय मुसहरु खंग खत्वे र उनकी ७० वर्षिया पत्नी दशनी देवीलाई घरमै पुगेर नागरिकता प्रदान गरेको थियो ।

मंगलमय शुभकामन

हिन्दुहरुको महान ... दशैं, दिपावली तथा
छठ पर्व २०७... मा सम्पूर्ण
ग्राहक, पाठक ... नदाताहरुमा
सुस्वास्थ्य ... य शुभकामना

राजविराज दैनिक
परिवार

हार्दिक मंगलमय शुभकामना



२०७८ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

**विश्वनाथ मण्डल**
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी

मंगलमय शुभकामना

२०७८ ... यादशमी, शुभ
दीपावली ... पुनित
अवसरमा ... तथा
... सम्पूर्ण वडा,
... हार्दिक
...
व्यक्त ...

**माँगिलाल नाई**
अध्यक्ष
राजविराज ७, सप्तरी

मंगलमय शुभकामना

२०७८ ... यादशमी, शुभ
दीपावली ... पुनित
अवसरमा ... तथा
... सम्पूर्ण वडा,
... हार्दिक
...
व्यक्त ...

**जयनारायण मण्डल**
अध्यक्ष
राजविराज ८, सप्तरी

मंगलमय शुभकामना

२०७८ ... यादशमी, शुभ
दीपावली ... पुनित
अवसरमा ... तथा
... सम्पूर्ण वडा,
... हार्दिक
...
व्यक्त ...

**शम्भु प्रसाद यादव (लाली)**
अध्यक्ष
राजविराज ९, मलेठ, सप्तरी

## सम्पादकीय

# महामारीको त्रासकाबीच सावधानीपूर्वक मनाऔं दशैं

वडा दशैं आजदेखी सुरु भएको छ। दश दिनसम्म माँ दुर्गाको पूजापाठ गरिन्छ। यस पर्वको पहिलो दिन घटस्थापनामा जमरा रोपिन्छ। जुन दशौं दिन निधारमा टिका लगाई शिरमा जमरा थापिने चलन रहिआएको छ। विगतको वर्षमा यस पर्वको निकै रौनक थियो। तर, विगत दुई वर्षयता विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीका कारण यो पर्वको रौनकता हराएको छ। घरमै सीमित भई दुई वर्षदेखी दशैं मनाइएको हुँदा यस पर्व पनि सोही अवस्था रहेको छ।

कोरोना महामारी अहिले पनि कायमै रहेको अवस्थामा सावधानीपूर्वक पर्व मनाउनु पर्ने बाधयता रहेको छ। यो रोग एक व्यक्तिदेखी अर्को व्यक्तिमा सर्ने भएकोले भिडभाडमा नगई रोगबाट बच्ने अन्तिम उपाय हो। दशैं सुरु भइसकेको अवस्थामा सबैले यसलाई श्रद्धासुमनका साथ मनाउनु पनि पर्छ र महामारीसँग लड्न सावधानी पनि अपनाउनु जरुरी रहेको छ।

तसर्थ महामारीकाबीच मनाइदै गरिएको दशैंमा माँ दुर्गाले महामारीलाई परास्त गर्ने शक्ति प्रदान गरुन भन्दै यस पटक पनि दशैं सावधानीपूर्वक मनाउनुनै उत्तम हुन्छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रदेश २ का मुख्यमन्त्री राउतले पाए दुई तिहाई मत

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २० असोज।**

प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले दुईतिहाइको समर्थन पाएका छन्।

प्रदेशसभामा बुधबार भएको मतदानमा राउतको पक्षमा ७७ मत परेको छ। यो कुल प्रदेशसभा सदस्य संख्या १ सय ४ को दुईतिहाइ हो।

राउतलाई उनकै दल जसपासँगै सरकारमा रहेका नेपाली कांग्रेस र माओवादी केन्द्र तथा पाँच दलीय गठबन्धनमा रहेको एकीकृत समाजवादीका सांसदहरुले मत दिएका छन्।



उनको विपक्षमा २३ मत परेको छ। राउतको विपक्षमा लोसपा र नेकपा एमालेका सांसदहरुले मत दिएका हुन्। बुधबारको मतदानमा प्रदेशसभाका १०० सदस्यले भाग लिएका थिए।

# माओवादी केन्द्रले तीन मन्त्री र एक राज्यमन्त्रीको टुंगो लगायो

**दैनिक समाचारदाता**
**काठमाडौं, २० असोज।**

नेकपा माओवादी केन्द्रले तीन मन्त्री र एक राज्यमन्त्री बुधबार टुंगो लगाएको छ।

बुधबार बसेको स्थायी कमिटी बैठकले देवेन्द्र पौडेल, शशी श्रेष्ठ र महेश्वरजंग गहतराजलाई मन्त्री र बोधमाया यादवलाई राज्यमन्त्री बनाउने निर्णय गरेको हो।

यता पार्टीका प्रवक्ता कृष्णबहादुर महराका अनुसार मन्त्रालयहरु भने टुंगो लागेको छैन। यद्यपि भूमि व्यवस्था, श्रम र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय पाउने सम्भावना छ। मन्त्रालय टुंगो लगाउने जिम्मा सत्तारुढ गठबन्धनका शीर्ष नेताहरुलाई दिइएको महराले जानकारी दिए।

माओवादी केन्द्रको भागमा ५ मन्त्री र एक राज्यमन्त्री परेको थियो। २९ असारमा प्रधानमन्त्री शेरबहादुर देउवाले सपथ लिएकै दिन जनार्दन शर्मा अर्थमन्त्री र पम्फा भुसाल उर्जामन्त्री बनेकी थिइन्।

# सात सय ६२ जना संक्रमित

**दैनिक समाचारदाता**
**काठमाडौं, २० असोज।**

पछिल्लो २४ घण्टामा ७६२ जना कोरोना भाइरसका संक्रमित थपिएका छन्।

११ हजार ५८२ वटा आरटीपीसीआर परीक्षण गरिएकोमा ७६२ जनामा संक्रमणको पुष्टि भएको हो।

यस्तै, चार हजार ४६० वटा एन्टीजेन परीक्षण गर्दा २०६ जनामा कोरोना संक्रमण देखिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नेपालमा कोरोना संक्रमणमुक्त हुने दर ९६.६ प्रतिशत रहेको जनाएको छ।

पछिल्लो २४ घण्टामा एक हजार ११४ जना कोरोनामुक्त भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। यसैगरी, पछिल्लो २४ घण्टामा छ जना संक्रमितको मृत्यु भएको छ।

हालसम्म ११ हजार १८० जना संक्रमितले ज्यान गुमाएका छन्। सक्रिय सङ्क्रमित हुने १६ हजार २४८ जना छन्। पछिल्लो २४ घण्टामा १ लाख ३२ हजार ८९६ जनाले कोरोनाविरूद्धको खोप लगाएका छन्।

हार्दिक शुभकामना



२०७८ सालको विजयादशमी, शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य दिर्घायु शान्ति ... कामना गर्दै सम्पूर्ण विद्यार्थी अभिभावक, शुभचिन्तक एवं ... हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

मनोकामना सेकेण्ड्री स्कुल
राजविराज ६, परिवार



# आन्दोलनरत बाल शिक्षक तथा कर्मचारीहरुले आफ्ना माँगहरु एसएमएस र फेसबुक मार्फत जानकारी गराउने



**दैनिक समाचारदाता**
**राजविराज, २० असोज ।**

सरकारले उपलब्ध गराएको तलब सुविधा नपाएको भन्दै धर्नामा बसेका राजविराजका बाल शिक्षक तथा कर्मचारीहरु बुधबार पनि धर्ना कार्यक्रमलाई निरन्तरता दिँदै संघर्षका थप कार्यक्रम सार्वजनिक गरेका छन् ।

राजविराज नगरपालिकाको कार्यालयमा धर्नामा बसेका उनीहरु धर्ना स्थलबाटै संघर्षका थप कार्यक्रमहरु सार्वजनिक गरेका हुन् ।

आन्दोलन संघर्ष समितिकी अध्यक्ष सुमित्रा दासको अध्यक्षतामा बसेको बैठकले असोज २२ गते मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृत अधिकृतहरुलाई एसएमएस मार्फत मागहरु बारे जानकारी गराउने, असोज २३ गते "आन्दोलन जारि छ" भन्ने शिर्षकमा फेसबुकमार्फत जानकारी गराइने, असोज २४ गते राजविराज नगरपालिकाका १६ वटै वडा अध्यक्षलाई मोबाइलमार्फत एसएमएसद्वारा माँगहरु बारे जानकारी गराइने लगायतका निर्णयहरु गरिएको छ ।

नेपाल सरकारद्वारा आर्थिक वर्ष २०७८/७९ को बजेट अनुसार सामुदायिक विद्यालयमा कार्यरत बाल शिक्षक र विद्यालय कर्मचारीहरुको तलब सुविधा उपलब्ध गराउनु पर्ने, सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको छुट प्राविधिक ग्रेड तथा सामुदायिक विद्यालयमा कार्यरत भई अनिवार्य अवकाश तहत सेवा निवृत भएका शिक्षकहरुको छुट प्राविधि ग्रेड समेत उपलब्ध गराउन गठित संघर्ष समितिको माग रहेको छ ।


मंगलमय शुभकामना



२०७८ सालको ...यादशमी, शुभ
दीपावली ... पुनित
अवसरमा ... तथा
... सम्पूर्ण वडा,
... मा
हार्दिक ... व्यक्त
गर्दछु

हेमन्त बहरखेर
अध्यक्ष
तिरहुत गाउँपालिका, सप्तरी

मंगलमय शुभकामना



२०७८ सालको ...यादशमी, शुभ
दीपावली ... पुनित
अवसरमा ... तथा
... सम्पूर्ण वडा,
... मा
हार्दिक ... व्यक्त
गर्दछु

हरेराम यादव
अध्यक्ष
रुपनी गाउँपालिका, सप्तरी

हार्दिक मंगलमय शुभकामना



२०७८ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार


## विश्व समाचार

### विश्वमा पानीजन्य संकट उत्पन्न हुनसक्ने

जेनेभा, २० असोज (रासस/सिन्ह्वा) ।

विश्वमा खानेपानीका साथै पानीजन्य अरु पनि संकट उत्पन्न हुनसक्ने संयुक्त राष्ट्रसंघीय एक एजेन्सीले जनाएको छ ।

संयुक्त राष्ट्रसंघीय मौसम विज्ञानसम्बन्धी एजेन्सी (डब्लुएमओ) ले सो आशंका गरेको हो । विश्वमा हाल जलवायु परिवर्तनसम्बन्धी समस्या देखिएको र यसका कारणले गर्दा विश्वमा खानेपानीका साथै पानीजन्य समस्या उत्पन्न हुनसक्ने बताएको हो ।

जस्तो कि बाढी, खडेरी तथा खानेपानीको अभावका कारण धेरै मानिस प्रभावित पर्नसक्ने सो एजेन्सीले जनाएको छ । विश्वमा पानीजन्य समस्याका कारण धेरै नागरिक समस्यामा पर्नसक्ने सो संस्थाको चेतावनी छ । जलवायु परिवर्तनको प्रभावका कारण यस्ता समस्याहरु उत्पन्न हुनसक्ने अवस्था देखिएको पनि सो संस्थाले जनाएको छ । उक्त संस्थाले अहिले पनि विश्वका मानिसहरु यस्ता समस्याबाट सताइएका तथा खानेपानीको अभावमा परेका देखिएको छ ।

उक्त एजेन्सीले गरेको एक विश्वव्यापी अनुसन्धानबाट सन् २०१८ मा मात्र विश्वका करिब साढे तीन अर्ब मानिसलाई वर्षमा कम्तीमा पनि एक महिना खानेपानीको अभाव भएको पाइएको थियो । उक्त एजेन्सीले आगामी सन् २०५० सम्ममा विश्वका करिब पाँच अर्ब मानिसले यस्तो समस्या झेल्नुपर्ने अवस्था रहेको पनि सो संस्थाको अनुसन्धानबाट देखिएको छ ।

सो एजेन्सीको अनुसन्धानबाट गएको २० वर्ष यतादेखि पानीजन्य यस्ता समस्याहरु प्रत्येकवर्ष बढ्दै गएको पाइएको देखिएको छ । यस्ता समस्याहरु पनि जलवायु परिवर्तनको प्रभावका कारणले नै देखिएको पनि सो संस्थाले जनाएको छ ।

### फेसबुकका वेबसाइट र एपहरुले बालबालिकालाई हानी पुर्‍याउने र प्रजातन्त्रलाई कमजोर बनाउने

वासिङटन, २० असोज (रासस/एएफपी) ।

फेसबुकका वेबसाइट र एपहरुले बालबालिकालाई हाभ¶ नी पुर्‍याउने  र विभाजन बढाएर प्रजातन्त्रलाई कमजोर बनाउने फेसबुकका पूर्वकर्मचारी फ्रान्सिस हवगनले अमेरिकी विधायकहरुलाई जानकारी दिएकी छिन्  ।

यस विषयमा सबै जानकारी भएता पनि कम्पनीका वरिष्ठ कर्मचारीहरुले मुनाफालाई प्राथमिकतामा राखेको उनले बताएकी छिन् । फेसबुकका प्रडक्ट म्यानेजरकी रूपमा काम गरेकी ३७ वर्षीया फ्रान्सिस हवगनले कम्पनीका गोप्य कुराहरू चुहाएकी बताइएको छ । उनले अमेरिकी संसद् रहेको क्यापिटल हिलमा समेत त्यस विषयमै आलोचनात्मक बयान दिएकी दिइन् ।

यता फेसबुकले भने हवगनले आफूलाई ज्ञान नभएको क्षेत्रबारे बोलेको प्रतिक्रिया दिँदै आफ्नो सुरक्षा गरेको छ । तर उसले एक विज्ञप्तिमार्फत् अब इन्टरनेटमा परिष्कृत नियमहरू ल्याउने समय आएको स्वीकारेको छ । मङ्गलबारको सुनुवाइका बेला रिपब्लिकन र डेमोक्र्याट सांसद्हरू उक्त कम्पनीमा परिवर्तन आवश्यक रहेको भन्ने विषयमा एकै ठाउँमा देखिएका थिए ।

### भारतमा सक्रिय सङ्क्रमितहरुको सङ्ख्या झण्डै सात महिनापछि कै सबैभन्दा थोरै

नयाँ दिल्ली, २० असोज (रासस/एएनआई) ।

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित भई अहिले पनि सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या झण्डै सात महिनापछि कै कम देखिएको छ ।

अधिकारीहरुले बुधबार बिहान दिएको जानकारीअनुसार भारतमा अहिले दुई लाख ४६ हजार ६८७ जना सक्रिय सङ्क्रमितहरु रहेका छन् ।

यो सङ्ख्या २०३ दिनपछिकै सबैभन्दा कम भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयका अधिकारीहरुले जनाएका छन् । भारतमा पछिल्लो एक दिनमा २४ हजार ७७० जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएको पनि मन्त्रालयले जानकारी दिएको छ । त्यसैगरी पछिल्लो २४ घण्टामा भारतमा १८ हजार ८३३ जना नयाँ सङ्क्रमितहरु थपिएका छन् ।

नयाँ सङ्क्रमितहरुको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै भएकाले सक्रिय सङ्क्रमितहरुको सङ्ख्या कम हुदै गएको हो । भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाहरुको कुल सङ्ख्या तीन करोड ३१ लाख ७५ हजार ६५६ पुगेको छ ।

भारतको चिकित्सा अनुसन्धान परिषद्का अनुसार भारतमा अहिलेसम्म ५७ करोड ६८ लाख तीन हजार ८६७ जनाको कोरोना परीक्षण गरिएको छ । ती मध्ये १४ लाख नौ हजार ८२५ जनाको मंगलबार परीक्षण गरिएको हो । भारतमा पछिल्लो समयमा सङ्क्रमितहरुको सङ्ख्या केरला राज्यमा सबैभन्दा धेरै एक लाखभन्दा बढी देखिँदै आएको छ । केरलामा अहिले पनि एक लाख २५ हजार ३० जना सक्रिय सङ्क्रमित रहेका छन् ।

त्यसैगरी महाराष्ट्रमा ३६ हजार ७४४ जना सक्रिय सङ्क्रमितहरु रहेको मन्त्रालयले जनाएको छ । महाराष्ट्रमा यसअघि सक्रिय सङ्क्रमितहरुको सङ्ख्या लामो समयसम्म सबैभन्दा धेरै रहेको थियो

# खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधा निर्माण तथा मर्मत गरि हस्तान्तरण



**दैनिक समाचारदाता**
**राजविराज, २० असोज ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. ९ स्थित एसएलपी मावि पत्थरगाढामा खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधा निर्माण तथा मर्मत सम्भार गरि बुधबार एक कार्यक्रमबीच हस्तान्तरण गरिएको छ ।

बिएमजेड/भिसिए/डब्लुएचएच एनपिएल-१०६०-१८ को सहयोग तथा महुली सामुदाय बिकास केन्द्र नेपालको सहकार्यमा दुई वटा शौचालय मर्मत, तीन वटा ट्युवेल प्लेटफर्मको निर्माण तथा दुई वटा हेन्ड स्टेशन हस्तान्तरण गरिएको हो ।

बिएमजेड/भिसिए/डब्लुएचएचको ६ लाख ८५ हजार ७ सय ९४ रुँपैया ५४ पैसा, विद्यालयको १ लाख २७ हजार १ सय २० रुँपैया गरि ८ लाख १२ हजार ९ सय १७ रुँपैया ५४ पैसाको कुल लागतमा उक्त मर्मत सम्भार तथा संरचना नवनिर्माण गरिएको हो ।

विद्यालयका प्रधानाध्यापकको अध्यक्षतमा आयोजित कार्यक्रममा डब्लुएचचएका कमल चापागाई, महुली सामुदायिक विकास केन्द्र नेपालका चन्द्रमणि चौधरी, सन्तोष चौधरीलगायतको सहभागिता रहेको थियो ।

# मविव क्याम्पस राजबिराजमा नेकपा एसको विद्यार्थी संगठन गठन

**दैनिक समाचारदाता**
**राजविराज, २० असोज ।**

महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस राजबिराजमा नेकपा एकीकृत समाजवादी निकट विद्यार्थी संगठनको बुधबार कमिटी गठन गरिएको छ ।

रयन रायको अध्यक्षतामा ३१ सदस्यीय कमिटी गठन गरिएको अनेरास्वबियूका केन्द्रिय सचिव सुनिल झा चन्दनले जानकारी दिएका छन् ।

नवगठित कमिटिको उपाध्यक्षमा चान्दनी चौधरी, सचीवमा पप्पु यादव, सहसचिवमा अञ्जली चौधरी र कोषाध्यक्षमा अस्मिता मण्डल चयन भएका छन् ।




नेकपा (एस) सप्तरीका सचिवालय सदस्य तथा अनेरास्वबियूका पुर्व सचिवालय सदस्य ममता चौधरीको प्रमुख आतिथ्यमा नवआगन्तुक विद्यार्थीलाई स्वागत, शुभकामना तथा विद्यार्थी भेला कार्यक्रमबाट कमिटि गठन गरिएको हो ।

# युवती झुण्डिएको अवस्थामा फेला परिन

**दैनिक समाचारदाता**
**राजविराज, २० असोज ।**

सप्तरीको रुपनी गाउँपालिका ६ स्थित शिव शनिधाम मन्दिर नजिकैको जंगलमा बुधबार एक युवती मृत अवस्थामा फेला परेकी छिन् ।

रुपनी गाउँपालिका २ रायपुर निवासी २० वर्षीया चाँदनी चौधरी रूखको हाँगामा पासो लागेर झुण्डिएको अवस्थामा मृत फेला परेको प्रहरीले जनाएको छ । उनी गत शनिबारदेखि घरबाट बेपत्ता भएकी थिइन् ।

बुधबार बिहान घाँस काट्न गएका स्थानीयवासीले युवती झुण्डिएको देखेपछि प्रहरीलाई खबर गरेका थिए । घटनास्थल पुगेको प्रहरीले शवपरीक्षणका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल पुराएको छ ।

यता घटनाबारे थप अनुसान्धन भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


## हार्दिक मंगलमय शुभकामना



२०७८ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शत्रुघन प्रसाद गुप्ता**
**अध्यक्ष, तथा**
**नेपाल सहकारी संस्था लि.**
**राजविराज ३, सप्तरी, परिवार**

## मंगलमय शुभकामना



२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा समृद्धिको कामना गर्दै सम्पूर्ण वडा, नगर/गाउँ बासीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**चन्द्रशेखर चौधरी**
**अध्यक्ष**
**राजविराज १, सप्तरी**

## मंगलमय शुभकामना



२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा समृद्धिको कामना गर्दै सम्पूर्ण वडा, नगर/गाउँ बासीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**समिर झा**
**अध्यक्ष**
**राजविराज ५, सप्तरी**

## मंगलमय शुभकामना



२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा समृद्धिको कामना गर्दै सम्पूर्ण वडा, नगर/गाउँ बासीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**प्रेमकुमार यादव**
**अध्यक्ष**
**राजविराज ६, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit · CITY EXPRESS Money Transfer · Best Remit Quick & Easy · PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*